# झिमरुक गाउँपालिकाको

## कृषि तथा पशुपन्छी बिकास कार्यक्रम संचालन कार्यविधि २०७९

झिमरुक गाउँ कार्यपालिकाको बैठकबाट पारित मितिः२०८०/०१/११

प्रमाणीकरण मिति-२०८०/०१/२४

झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भ्यागुते ,प्यूठान

## परिच्छेद -१

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ :(१) यस कार्यविधिको नाम कृषि तथा पशुपन्छी बिकास कार्यक्रम संचालन कार्यविधि ,२०७९ रहेको छ ।

२.यो कार्यविधि कार्यपालिकावाट निर्णय भए पश्चात लागु हुनेछ ।

३.परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) “अनुदान” भन्नाले यस कार्यविधि बमोजिम संचालन गरिने कार्यक्रमहरुको लागि झिमरुक गाउँपालिकाबाट उपलब्ध गराइने नगद रकम र जिन्सी सहायता समेतलाई सम्झनुपर्छ ।

ख) “अनुदान ग्राही” भन्नाले झिमरुक गाउँपालिकाबाट संचालित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक फर्म कृषक समूह सहकारी संस्थालाई सम्झनुपर्छ ।

ग) “समुह” भन्नाले कृषि पशुपन्छी सिंचाई कार्य गर्ने गरि कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको उपभोक्ता सम्झनुपर्छ ।

घ) “कम्पनि” भन्नाले कृषि पशुपन्छी व्यवसाय गर्ने प्रचलित कानुन बमोजिम दर्ता भएका प्राइभेट वा पब्लिक कम्पनीलाई सम्झानुपर्छ।

ङ) “कार्यक्रम” भन्नाले यस कार्यविधिको दफा ५ मा उल्लेख भएका क्रियाकलाप वा कार्यक्रमलाइ सम्झनुपर्छ ।

च) “कार्ययोजना” भन्नाले दफा ५ बमोजिमको कार्यक्रमहरु संचालन गर्नको लागि आवश्यकता अनुसार सेवाग्राहीले पेश गरेको बिस्तृत क्रियाकलाप लागत अनुमान समयाबिधि अपेक्षित उपलब्धि र जिम्मेवार पक्ष सहितको विवरणलाइ सम्झनुपर्छ ।

छ) “कृषि उपज” भन्नाले कृषकले नेपालमा उत्पादन गरेका बस्तु तथा त्यसरी उत्पादित बस्तुको प्रारम्भिक रुपमा प्रशोधन गरिएका खाद्धन्न बालि,फलफुल,तरकारी मसलाबाली,पुष्प,पशुपन्छी,माछा,मासु,दुध,फुल,हाड,छाला,उन,च्याउ,मौरी,रेशम,चिया,कफी,अलैची,सुपारी,घासेबाली,तेलहन,दलहन,कपास,जुट,उखु,रबर,कृषिका सबै उपक्षेत्रसंग सम्बन्धित उत्पादन सम्झनुपर्छ र सो शब्दले औधगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा बस्तु समेतलाई जनाउछ ।

ज) “कृषक समूह” भन्नाले कृषि पेशामा संलग्न भइ साझा आवश्यकता र चाहाना भएका व्यक्तिहरु मिलेर सामुहिक विधिद्वारा कृषि क्षेत्रमा काम गर्ने गरि स्थापना भइ आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनुपर्छ ।

झ) “पशु” भन्नाले घरपालुवा पशु ,पन्छी र जलचर प्राणि समेतलाइ सम्झनुपर्छ ।

) “फर्म” भन्नाले प्रचलित कानुन अनुसार सम्बन्धित निकायमा दर्ता भएको निजि क्षेत्रका व्यबसायी उद्मीको संस्थालाई सम्झानुपर्छ ।

ट) “मन्त्रालय” भन्नाले लुम्बिनी प्रदेशको कृषि तथा भुमि व्यबस्था मन्त्रालयलाई सम्झानुपर्छ ।

ठ) “समिति” भन्नाले यस कार्यविधिको दफा १२ अनुसार गठित कार्यक्रम व्यबस्थापन समितिलाई सम्झनु पर्छ ।

ड) “सहकारी” भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि पशुपन्छी सम्बन्धि कार्य गर्ने सहकारी संस्थालाई सम्झनु पर्छ र सो शब्दले कृषि कार्य समेत उद्देश्य रहेको बहुउद्देश्यीय सहकारी संस्था समेतलाइ बुझाउछ

४. यस कार्यविधि अनुसारका कार्यक्रमहरुको संचालन कार्यालयबाट हुने ।

४.१कृषि तथा पशुपन्छी विकास कार्यक्रमको संचालन कृषि बिकास कार्यक्रमको प्रकृति देहाय बमोजिम हुनेछः-

क) प्रविधि परिक्षण, प्रदर्शन,विकास तथा बिस्तार सहयोग कार्यक्रमः यस कार्यक्रम अन्तर्गत कार्यमूलक अनुसन्धान,अध्यन तथा प्रबिधि परिक्षण,कृषक पाठशाला,सिप तथा क्षमता विकास ,जनचेतनामुलक कार्य,दिवस असल कृषि अभ्यास प्रणाली,प्रबिधि प्रदर्शन र प्रबिधि बिस्तार जस्ता कार्यक्रमहरु कार्यालयले संचालन गर्नेछ ।

ख) श्रोत केन्द्र स्थापना तथा उत्पादन सामाग्री सहयोग कार्यक्रम कृषकलाई आवश्यक पर्ने गुणस्तरीय उत्पादन सामाग्री (मल, बिउ, बेर्ना, बिरुवा, बिषादी आदि) को उपलब्धता सुनिस्चित गर्न श्रोत केन्द्र स्थापना गर्ने कार्यक्रम संचालन गरिनेछ । यस किसिमका कार्यक्रमले गुणस्तरीय उत्पादन सामग्री स्थानीय स्तरमा उपलब्धताको सुनिश्चितता गराई उत्पादन लागत घटाउन र श्रोत सामग्रीहरुमा आत्मनिर्भर गराउन सहयोग पुग्नेछ । उक्त कार्यक्रमहरु कार्यालयले आफै वा दुइपक्षीय बहुपक्षीय सम्झौताका आधारमा संचालन गर्नेछ ।

ग) व्यवसाय उन्मुख तथा व्यावसायिक कृषि बिकास कार्यक्रम यस कार्यक्रम अन्तर्गत कृषि व्यवसाय उन्मुख वा ब्यवसायिक कृषक वा ब्यबसायिक कृषक वा उद्दमिबाट उद्धमको बिकास गर्नका लागि कृषक उद्दमी हरुलाई प्रोत्साहान गर्नको लागि व्यवसाय उन्मुख उत्पादनका साथै

आयमुलक  तथा रोजगारी सृजना गर्ने व्यवसाय प्रवर्दन  कार्यक्रम संचालन गरिनेछ । यी कार्यक्रमहरु कार्यविधिले निर्धारण गरेको लागत साझेदारीमा आफै वा दुइ पक्षीय बहुपक्षीय सम्झौताका आधारमा संचालन गर्नेछ ।

४.२) पशुपन्छी तथा मत्स्य बिकास कार्यक्रमको प्रकृटि देहाय बमोजिम  हुनेछ ।

क.कुकुरा बिकास कार्यक्रम

ख.नयाँ पोखरी निर्माण

ग .गाई भैसी प्रवर्दन

घ.बंगुर प्रवर्दन, बाख्रा बिकास कार्यक्रम

(४.२) कार्यक्रम कार्यान्वयनको अबस्थाको अनुगमन पश्चात कार्य सम्पन्नताको आधारमा भुक्तानी गर्ने,

(ख)सम्झौता बमोजिम कार्यक्रम संचालन भए नभएको अनुगमन गर्ने गराउने,

(ग)प्रचलित कानुन बमोजिम  खर्च गर्ने गराउने ,लेखा राख्ने,राख्न लगाउने

(घ)अनुदानको हिसाब स्वीकृत लेखा प्रणाली अनुसार राख्नुपर्ने,

(ङ) प्रचलित कानुन बमोजिम लेखा परिक्षण गराउनुपर्ने र कार्यक्रमको हकमा प्रतिक्रिया सहितको प्रतिबेदन मन्त्रालयमा पेश गर्नुपर्ने

# ५.कृषि तथा पशु पन्छी प्रवर्धन कार्यक्रम कार्यविधि २०७९

| क स | कार्यक्रमको नाम | मापदण्ड | संचालन गर्नु पर्ने क्रियाकलाप | अनुदान सिमा रकम प्रतिशत |
|---|---|---|---|---|
| १ | बालि कटानी तथा तथ्याङ्क अध्यावधिक | • तथ्याङ्क अध्यावधिक गर्नु पर्ने बालीको पहिचान गर्ने<br>• सिंचित र असिंचित क्षेत्रको छुट्टाछुट्टै प्रतिनिधित्व हुने गरि बालीको कटानी क्षेत्र एकिन गर्ने<br>• छनौट गरिएको क्षेत्र बाट लम्बाई ५ मिटर चौडाइ २ मिटर क्षेत्र एकिन गरि बालि कटानी गर्ने<br>• दुरी लिदा measuring tape प्रयोग गर्ने<br>• प्रत्येक उत्पादन क्षेत्रमा कम्तिमा ५ वटा randomized नमुना बाट उत्पादन रेकर्ड लिने | - छनोट गरिएको नमुना क्षेत्रमा बालि कटानी गर्ने<br>- बाली काटने नमुना क्षेत्रको छुट्टाछुट्टै तथ्याङ्क लिने<br>-लीईएको तथ्याङ्क अनुसार उत्पादनकत्व गणना तोकिएको मापदण्ड बमोजिम गर्ने<br>- तथ्याङ्क कम्पाईलेसन तथा प्रतिवेदन तयार गरि गाउँपालिका मा पेश गर्ने | -बालीको को हकमा प्रति नमुनाका लागि बढीमा रु ३०० प्रति बालि काटने खर्च गर्ने जसमध्ये र ४० प्रतिशत क्षतिपूर्ति स्वरूप कृषकले पाउने र र ६० प्रतिशत बालि काटने गर्ने ज्यामी ज्यालाका लागि खर्च गरिने<br>-विनियोजित बजेट / कार्यक्रमको परिधि भित्रि बालि काटने संख्या निर्धारण गरि कार्याक्रम संचालन गरिने |
| २ | माटो परीक्षण शिबिर /माटो सप्ताह संचालन कार्यक्रम | - कार्यालयले प्रादेशिक मल तथा माटो परिक्षण प्रयोगशालाको समन्वयमा शिबिर संचालान गर्नुपर्ने<br>- माटो परिक्षण शिबिर संचालन गर्ने स्थान सरोकारवालाको माग र प्राबिधिक सम्भाव्यताका | - कार्यालयले माटो परिक्षण शिबिर संचालन गर्न आवश्यक रहेका स्थानहरु पहिचान गरि पठाउने सबै वडा कार्यालयहरुलाई | - कार्यालयको प्रति शिबिर कम्तीमा १०० वटा माटोका नमुना परीक्षणका लागि आवश्यक रिएजेन्ट तथा सामाग्री खरिद स्टिमेट अनुसार खर्च गर्ने – कार्यालयले प्रचार प्रसार चियापानी ,ब्यानर ,स्टेसनरी |

| | | | | |
|---|---|---|---|---|
| | | आधारमा छनौट हुने | पत्राचार गर्ने<br>- माटो परिक्षण शिविर संचालन गर्न माग भएका शिविर संचालन स्थानहरु मध्य बजेट सिमितता र आवश्यकताका आधारमा कार्यालयले शिविर संचालन स्थान छनोट गर्ने<br>- छनोट भएका स्थानमा शिबिर संचालन हुने जानकारीको व्यापक प्रचारप्रसार गरि दिने कार्यालयले सम्बन्धित कृषक लाई अनुरोध गर्ने<br>- कृषकहरुलाई सम्बन्धीत स्थानीय तहहरु मार्फत माटो शिविर संचालन माग संकलन गर्ने<br>- कार्यालयको माटो परिक्षण शिबिर संचालन गर्ने आवश्यक पर्ने रसायन ,उपकरणहरु र प्राबिधिक | व्यवस्थापन आदिको लागि अधिकतम रु.५०००/ खर्च गर्ने सक्ने<br>- कार्यक्रमलाई थप बिस्तार प्रभावकारी बनाउन कुनै संघ संस्थान वा निकायले इच्छा देखाएमा कार्यालय संग दिपक्षीय / बहुपक्षीय सम्झौता गरि कार्यक्रम संचालन गरिने |

| | | | | |
|---|---|---|---|---|
| | | | सेवा उपलब्ध गराउने ,<br>- शिविर आवधिमा कार्यालयले माटो व्यवस्थापन कम्तीमा १५ जनालाई तालिम संचालन गर्ने ,<br>- माटोको नमुना जाँचको रिपोर्ट सुझाब सहित कृषकलाई उपलब्ध गराउनु पर्ने | |
| ३ | बाली उपचार शिविर | - नियमित शिविर संचालन गरिने संचालन गरिने स्थान छनौट गर्दा व्यावसायिक उत्पादन पकेट तहको वडा कार्यालय संग समन्वयमा संचालन गर्नु पर्ने<br>- आकस्मिक वा घुम्ती शिविर संचालन कार्यालयको बजेट परिधि भित्र रही मागका आधारमा संचालन गर्ने<br>- शिविर संचालन कार्यालय आफै वा बालि संरक्षण प्रयोगशालाको समन्वयमा गर्नुपर्ने<br>- बाली शिविरमा कम्तीमा २५ जना कृषकहरु लाई सहभागी गराउने | - कार्यालयले पहिचान भएका स्थानहरुमा शिविर संचालन हुने व्यहोराका सूचना वडा कार्यालय मार्फत सम्बन्धित कृषकहरुमा प्रवाह गराउने<br>- कार्यालयले बाली उपचार शिबिर आयोजना /व्यस्थापनका लागि आवश्यक जैविक तथा बिषादी उपलब्ध गराउने<br>- कार्यालयले बाली बिरुवामा लाग्ने रोग तथा किराको | - बालि उपचार शिबिर संचालनका लागि रोग किरा पहिचान गर्ने आवश्यक सामाग्रीको लागत इस्टमेट प्रचलित कानुन वमोजिम तयार गरि स्वीकृत गरिने<br>- कार्यालयले प्रचार प्रसार ,चियापान ,व्यानर , स्टेसनरी ब्यबस्थापन आदिको लागि अधिकतम रु .५००० /खर्च गरिने<br>- स्वीकृत बजेटको परिधि भित्र रही प्रचलिबमोजिम बिषादी खरिद गरि वितरण गरिने |

| | | | | |
|---|---|---|---|---|
| | | | पहिचान गरी उक्त रोग तथा किराको व्यवस्थापनका लागि सिफारिस गर्ने<br>- कार्यालयले शिबिर संचालन स्थलको बाली उपचार कार्यको तथ्याङ्क बिश्लेषण गरि प्रतिवेदन तयार गरि स्थानीय तहलाई उपलब्ध गराउने | |
| ४ | भकारो सुधार | -कम्तिमा २ वटा माउ पशु पालन गरेको हुनु पर्ने<br>- पशुको स्वास्थ्य ,सरसफाई र सुरक्षालाई मध्यनजर गरि कार्यालयको पशु सेवा प्राबिधिकको डिजाईन अनुसार लागत इस्टमेट संलग्न गर्नुपर्ने<br>कम्ति मा १० वटा भकारो को क्लास्टर बनाई कार्याक्रम संचालन गरिनेछ | - कृषकले भकारो सुधार कार्यक्रम अन्तर्गत-फ्लोर २ वटा कम्पोस्ट खाडल ,नाली सहितको मुत्र संकलन खाडल वा ड्रम बनाउनु पर्नेछ<br>- कृषकले मलखाद घाम पानी बाट जोगाउने छाप्रोको बनाउनु पर्ने<br>- कृषकले कार्यालयले तोकेको ढाँचामा भकारो सुधार सहयोग सम्बन्धी सूचाना बोर्ड तयार गरि राख्नु पर्ने | - ५० प्रतिशत रकम पशुपन्छी समूहले बेहोर्ने<br>बजेटको परिधि भित्र रही कार्यालय प्रति योजना अधिकतम रु. ६०००/अनुदान दिने |

<table>
<tr><th></th><th></th><th></th><th></th><th></th></tr>
<tr><td>५</td><td>आकस्मिक बालि संरक्षण सेवा</td><td>-कार्यालयले कुनै क्षेत्रमा आकस्मिक रुपमा बालि तथा बिरुवामा देखा परेमा रोग तथा किराहरुको प्रकोप निदान तथा व्यवस्थापनका लागि कार्य संचालन गर्नुपर्ने</td><td>- कार्यालयको निर्णय अनुसार कार्यक्रम सन्चालन हुने<br>- कार्यालयले स्प्रेयर जैविक रासायानिक बिषादी एप्रोन ग्लोब चस्मा आदि प्रकोप नियन्त्रणमा प्रयोग हुने उपकरण तथा सामाग्रीहरु खरिद गरि व्यवस्थापन गर्ने</td><td>स्वीकृत बजेट परिधि भित्र रही लागत इस्मेट स्वीकृत गरि खर्च गर्ने</td></tr>
<tr><td>६</td><td>तरकारी /फलफुल /नर्सरी स्थापना तथा सुद्धिकरण कार्याक्रम</td><td>- बिरुवा उत्पादनको लागि निर्धारित जग्गा उपलव्ध भएको हुनुपर्ने<br>- जग्गा लिजमा लिएको भए कम्तीमा ५ बर्षको करार सम्झौता हुनुपर्ने<br>- बिरुवा उत्पादन कार्ययोजना तयार गरि लागु गर्ने<br>- नर्सरी /बिरुवा उत्पादन सम्बन्धी कार्य गर्ने उद्देश्य भई सम्बन्धीत निकायमा दर्ता फर्म /कम्पनि हमूह /सहकारी हुनु पर्ने<br><table><tr><th>बालि /बस्तु</th><th>न्यूनतम क्षे.पहाड (रोपनी )</th><th>न्यूनतम क्षे. तराइ (कट्ठा )</th></tr><tr><td>तरकारी /पुष्प नर्सरी</td><td>०.५</td><td>१</td></tr></table></td><td>- नर्सरी /व्यवस्थापनका लागि माउ बोट ,रुटस्टक ,सायन ,बिउ तथा बेर्ना खरिद ,प्राङ्गारिक मल ,पिटमस,कोकोपिट मस ,बिषादी पोलिपट ,नर्सरी ट्रे आदि खरिद<br>- पम्पसेट मोटर ,पाइप ,पोखरी सिंचाई पूर्वाधार ,लगायतका कार्य<br>- नर्सरी सेड /नेट स्क्रीन हाउस लगायत औजार /उपकरण स्प्रेयर पुनिङ्ग बडीङ्ग /ग्राफीटङ् आदि</td><td>- कुल लागतको ५० प्रतिशत वा अधिकतम रु. ३ लाखमा जुन कम हुन आउछ सो रकममा अनुदान उपलब्ध गराउने ।</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | फलफुल नर्सरी (माउबोट क्षेत्र बाहेक ) १ २ | खरिद /निर्माण । | |
| ७ | मौरी बिकास तथा प्रवर्धन कार्याक्रम (५० लागत सहभागि प्रतिशतततामा | -मौरी व्यवससाय सम्बन्धी उद्देश्य राखेर दर्ता भएको अनुभव वा तालिम लिएका कम्तिमा ५० घार मौरी पालन गरेको स्थानिय तह संगको समन्वयमा सामूहिक तथा ब्याक्तिगत रुपमा मौरी व्यवसाय गर्न कृषि तथा पशुपन्छी फर्म समूह वा सस्थालाई प्रथामिकता दिनु पर्ने<br>- मौरी सहितको कम्तिमा ५० गोला थप गर्नु सक्ने हुनु पर्ने<br>- मौरी स्रोत केन्द्रको रुपमा प्रशोधन ,प्याकेजिङ्ग बजारीकरण सम्बन्धी कार्य गर्नु पर्ने । | - आधार चाका ,प्याकेजिङ लेबलिंङ र प्रशोधन उपकरण (मह कुट र मैन )तथा अन्य आवश्यक उपकरण खरिद<br>- उन्नत रानु खरिद रानु उत्पादन रोयल जेली उत्पादन ,मौरी बिष उत्पादन ,प्रोपोलिस मैन उत्पादन तथा बिबिधिकरण<br>- मौरी पालन सम्बन्धी यन्त्र तथा उपकरण खरिद<br>- मौरी चरण क्षेत्र विस्तार<br>- मह प्रशोधन प्याकेजिङ्ग बजारीकरण सम्बन्धी कार्य<br>- मौरी सहितको मौरी घार खरिद<br>- मौरी बेच्ने आउटलेट निर्माण । | - कुल लागतको बढीमा ५० प्रतिशत वा बार्षिक स्वीकृत बजेटको परिधिभित्र रही /अनुदान उपलब्ध गराईने<br>- अधिकतम रु २,५०,०००सम्म रकम उपलब्ध गराउन सकिनेछ । |
| ८ | कफी उत्पादन | कफी उत्पादन तथा प्रशोधन उद्देश्य लिई प्रचलित | - कफी प्रशोधन | -बार्षिक बजेट /कार्यक्रम को |

| | | | | |
|---|---|---|---|---|
| | प्रशोधन तथा बजारीकरण | नियमानुसार दर्ता भयको संस्था हुनु पर्ने<br>- एकल वा सामूहिक रुपमा खेति गर्न सकिने<br>- कम्तिमा ५ रोपनी क्षेत्रफलमा कफी लगाएको<br>- थप १ हे.क्षेत्रफल विस्तार गर्ने कफी संकलन प्रशोधन तथा प्याकेजिङ् गरि बजारीकरण गर्ने योजना भएको<br>- उपात्दनको ब्राडिंङ्ग गर्नुपर्ने ।<br>- | उपकरण<br>- ग्रेड़ीङ्ग तथा प्याकेजिङ तथा लेबलिङ्ग सामाग्री<br>- कफी सेड यवास्थान<br>- प्रशोधन तथा बजारीकरण सहयोगका लागि आबस्यक अन्य सामग्रीहरु<br>- सिंचाई पुर्बधार प्लास्टिक पोखरी ड्रिप ,सेट पाइप पानि तान्ने पम्प आदि उत्पादन सामाग्री (बेर्ना ढुवानी )सहित बिषादी सुक्ष्मतत्व तथा उपकरण जैविक सुरक्षा | परिधिमा रही अनुदान दिने<br>- बिरुवामा ५० प्रतिशत अनुदान<br>- सिंचाई पूर्वाधार ८५ प्रतिशत<br>- अन्य उत्पादन सामाग्री तथा उपकरण ५० प्रतिशत अनुदान |
| ९ | व्यवसायीक सुन्तला पकेट क्षेत्र विस्तार | -झिमरुक गाउपालिका मा दर्ता तथा नबिकरण भएको कृषि तथा पशुपन्छी कृषक समूह /कृषि सहकारी | - सिंचाई पूर्वाधार प्लास्टिक तथा पक्कि | - बिरुवामा ५० प्रतिशत अनुदान<br>- सिंचाई पूर्वाधार ८५ प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम | /संस्था हुनुपर्ने<br><br>-आधुनिक प्रबिधि सहितको नमूना बगैचा स्थापना हुनुपर्ने<br>-न्युतम १० रोपनी क्षेत्रफल मा बगैचा स्थापना भएको हुनुपर्ने<br>-पकेट न्यूतम १.० हे .क्षेत्रफल भएको हुनुपर्ने | पोखरी ड्रिप ,सेट पाइप पानी तान्ने पम्प आदि<br>- उत्पादन सामाग्री (बेर्ना ढुवानी )सहित बिषादी सुक्ष्मतत्व तथा उपकरण (स्प्रेयर करौती ,सिकेचर आदी<br>- खाडल खन्ने उपकरण (डीगर ) | - अन्य उतपादन सामाग्री तथा उपकरण ५० प्रतिशत अनुदान<br>- प्रति आयोजना अधिकतम रु.५ लाख सम्म अनुदान सिमा रहने |
| १० | व्यवसायिक बर्षे आलु पकेट क्षेत्र विस्तार कार्याक्रम | -सम्बन्धीत निकाएमा दर्ता भएको कृषक /समूह /कृषि उधमी/ कृषि सहकारी संस्था हुनुपर्ने<br><br>- आधुनिक प्रबिधि सहितको व्यावसायिक बर्षे आलु खेति गरेर हुनु पर्ने<br>- पकेट न्यूनतम २.० हे.क्षेत्रफल भएको हुनु पर्ने | -सिंचाई पूर्वाधार (प्लास्टिक पोखरी पाइप पानी तान्ने पम्प आदी<br>-उत्पादन सामाग्री (बिउ ढुवानी सहित बिषादी सुक्ष्मतत्व तथा उपकरण (स्प्रेयर ) आदी<br>-आलु डयाङ् बनाउने रोप्ने तथा खन्ने उपकरण | - सिंचाई पूर्वाधारमा ८५ प्रतिशत<br>-उत्पादन सामाग्री तथा उपकरणमा ५० प्रतिशत अनुदान ।<br>-प्रति आयोजना अधिकतम रु,५ लाख सम्म अनुदान सिमा रहने |
| | फलफुल बिरुवा वितरण | - उन्नत जातको फलफुल बिरुवा वितरण गरि फलफुलको क्षेत्र विस्तार वा नयाँ बगौचा | -विभिन्न जातका उन्नत फलफुल बिरुवा खरिद ,ढुवानी र वितरण | -फलफुल बिरुवाको जिल्ला दर/ रेट/प्रचलित दर रेट /सरकारी मुल्यमा अधिकतम ५० प्रतिशत अनुदान दिईने |

| | | | | |
|---|---|---|---|---|
| | | स्थापना गरेको हुनु पर्ने<br>- सामूहिक वा एकल रुपमा एउटै चक्लामा बगैंचा स्थापना गर्ने लाई प्राथमिकता दिईने | | ढुवानी १०० प्रतिशत अनुदान |
| १२ | साना कृषि मेसिनरी औजार उपकरण वितरण | - दर्ता भएको कृषि उधमी /कृषक समूह /कृषि सहकारी संथान हुनु पर्ने<br>- साना कृषि मेसिनरी औजार उपकरण अन्तर्गत रु.५० हजार देखि २ लाख मूल्य बराबरको कृषि औजार उपकरणहरुहुनु पर्ने | - साना कृषि मेसिनरी औजार उपकरणहरु वितरण गर्ने | - साना कृषि मेसिनरी औजार उपकरणहरुमा ५० प्रतिशत वा बढीमा रु.१ लाख सम्म अनुदान दिन सकिने<br>- एकै प्रकृतिक यन्त्र उपकरणको भुक्तानीमा एकरुपता कायम गर्ने संम्बन्धी कार्यालयले अनुदानको अधिकतम सिमा तोक्न सक्नेछ |
| १३ | बाख्रा बिकास कार्याक्रम | - व्यक्तिगत रुपमा फर्म दर्ता गरेको कृषकले कम्तिमा १० वटा माउ बाख्रा पालन गरेको हुनु पर्ने र<br>- पशुपन्छी समुहले कम्तिमा १०० र कृषि सहकारीको हकमा ५०० र सो भन्दा बढी बाख्रा पालना गरेमा बाख्रा संख्याको आधार मा अनुदान उपलब्ध गराइनेछ ।<br>- अभिलेख अनुसुचि ५ अनुसार राख्नु पर्ने | - छनौट भएको फर्म /उधमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने<br>क ) खोर निर्माण /सुधार<br>ख )मेसिनरी औजार<br>ग)पोषणयुक्त घाँस सहित आहारा | - स्वीकृत बजेटको परिधित भित्र रही प्राबिधिक स्फेशिफिकेशन र स्वीकृत कार्ययोजना अनुसार खर्च गर्ने सकिने<br>- कुल लागतमा कम्तिमा ५० प्रतिशत फर्म वा उधमीको लगानी हुनु पर्ने<br>- १० देखि १५ वटा सम्म बाख्रा पालन गरेको किसान लाई अधिकतम रु ४०,०००<br>- १५ देखि २० वटा सम्म बाख्रा पालन गरेको किसान लाई अधिकतम रु |

| | | | | |
|---|---|---|---|---|
| | | | घ)नश्ल सुधार<br>ङ) औषधि तथा खोप<br>च )क्षमता अभिद्धधी<br>छ)जैविक सुरक्षा | ६०००० <br>-२० देखि २५ वटा सम्म बाख्रा पालन गरेको किसान लाई अधिकतम रु १००००० -२५ देखि ४० वटा सम्म बाख्रा पालन गरेको किसान लाई अधिकतम रु १५००००<br>४० देखि ५० वटा सम्म बाख्रा पालन गरेको किसान लाई अधिकतम रु २०००००<br>५० वटा भन्दा माथि बाख्रा पालन गरेको किसान लाई अधिकतम २५०००० सम्म पशुपन्छी समुहको हक मा बढीमा ४००००० र सहकारी को हकमा बढीमा ६००००० अनुदानको सिमा रहनेछ |
| १४ | बंगुर प्रवर्द्र कार्याक्रम | - फर्म /उधमी कृषकले कम्तिमा ५ वटा माउ बंगुर पालन गरेको हुनु पर्ने | - छनौट भएको फर्म /उधमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने<br>क ) खोर निर्माण /सुधार | - स्वीकृत बजेटको परिधित भित्र रही प्रबिधिक स्फिकेशन केशन र स्वीकृत कार्ययोजना अनुसार खर्च गर्ने सकिने<br>- कुल लागतमा कम्तिमा ५० प्रतिशत फर्म वा उधमीको लगानी हुनु पर्ने<br>- प्रति योजनाको अधीकत रु ,१ लाख सम्म अनुदान दिईने |

| | | | | |
|---|---|---|---|---|
| | | | ख )मेसिनरी औजार<br>ग)पोषणयुक्त घाँस सहित आहारा<br>घ) नश्ल सुधार<br>ङ) औषधि तथा खोप<br>च )क्षमता अभिबद्धि<br>- छ)जैविक सुरक्षा | |
| १५ | गाई /भैसी प्रवर्द्र कार्याक्रम | फर्म /उधमी कृषकले कम्तिमा ५ वटा माउ गाई/भैसी पालन गरेको हुनु पर्ने | - छनौट भएको फर्म /उधमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने<br>क ) गोठ निर्माण /सुधार<br>ख )मेसिनरी औजार<br>ग)पोषणयुक्त घाँस सहित आहारा<br>घ)नश्ल सुधार<br>ङ) औषधि तथा खोप<br>च )क्षमता बिकास<br>छ)जैविक सुरक्षा | - स्वीकृत बजेटको परिधित भित्र रही प्राबिधिक स्फेशिफिकेशन र स्वीकृत कार्ययोजना अनुसार खर्च गर्ने सकिने<br>- कुल लागतमा कम्तिमा ५० प्रतिशत फर्म वा उधमीको लगानी हुनु पर्ने<br>-प्रति योजना अधिकतम रु भैसीका लागि २ लाख र गाईका लागि १ लाख अनुदान दिईने |

| | | | | |
|---|---|---|---|---|
| १६ | नयाँ पोखरी निर्माण कार्यक्रम | - पानिको स्थायी स्रोत्तका लागि बोरिङ वा खोला /कुलो /नहरको व्यवस्था भएको हुनु पर्ने<br>- तराईको हकमा कम्तिमा ३ कठ्ठा र पहाडी क्षेत्रमा १ रोपनी भन्दा बढी जलाशय क्षेफल कायम हुने गरि नयाँ पोखरीको निर्माण गर्नु<br>- पोखरी निर्माणको लागि माटो उपयुत्त हुनु पर्ने<br>- नयाँ निर्माण गरिने पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा ठेक्कामा लिएको भए सम्झौता कम्तीमा १० बर्षको र सार्वजनिक जग्गाको हकमा ५ वर्षको हुनु पर्ने<br>- सडक ,बिजुली बत्तिको सुबिधा भएको हुनु पर्ने<br>- पोखरीको गहिराई कम्तीमा १.२ मिटर हुनु पर्ने<br>- कार्यालएले दिइएको मापदण्ड पुरा गर्नुपर्ने | - कार्यालयले उपलब्ध गराएको ले आउट तथा डिजाईन अनुसार आवेदकले नयाँ पोखरी निर्माण गर्नु पर्ने<br>- | -स्वीकृत बजेटको परिधिभित्र कार्ययोजना तयार पारी जलाशयको क्षेत्रको कुल लागत खर्च अधिकतम ५० प्रतिशत अनुदान रकम वा प्रति हेक्टर रु.अधिकतम ५ लाख दिने सकिने |
| | कुखुरा बिकास कार्याक्रम | - लोकल कुखुरा हकमा १०० वटा भन्दा माथि पालन गर्दै आएको हुनु पर्ने<br>- ब्रोईलर कुखुराको हकमा ५०० भन्दा माथि व्यवसायिक रुपमा पालन गर्दै आएको हुनुपर्ने (कम्तिमा ६ महिना) देखि पालन गर्दै आएको हुनु पर्ने<br>- लेर्यस कुखुराको हकमा कम्तिमा ५०० भन्दा माथि पालन गर्दै आएको | - छनौट भएको फर्म /उधमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने<br>क ) खोर निर्माण /सुधार<br>ख )मेसिनरी औजार | लोकल कुखुराको हकमा १०० वटा भन्दा माथि पालन गर्दै आएको हुनु पर्ने रु.१ लाख वा कार्ययोजना को ५० प्रतिशत रकम / ब्रोईलर कुखुराको हकमा ५०० भन्दा माथि व्यवसायिक रुपमा पालन गर्दै आएको हुनुपर्ने (कम्तिमा ६ महिना) देखि पालन गर्दै आएको |

| | | | | |
|---|---|---|---|---|
| | | | ग) औषधी तथा खोप<br>घ)क्षमता बिकास<br>छ)जैविक सुरक्षा | किसान लाई रु १ लाख वा कार्ययोजना को ५० प्रतिशत रकम<br>- लेर्यस कुखुराको हकमा कम्तिमा ५०० भन्दा माथि पालन गर्दै आएकोलाई २ लाख वा कार्ययोजना को ५० प्रतिशत रकम सम्म दिन सकिने(१६ हप्ता) भन्दा माथिको हुनु पर्ने |

६. प्रस्ताव माग - कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसूची १ को ढाचामा कम्तिमा १५ दिनको सूचना प्रकाशित गरि अनुदान ग्राहीबाट प्रस्ताब माग गर्नेछ ।

७. प्रस्ताब पेश - दफा ६ बमोजिम सूचना अनुसार कार्यकममा मापदण्ड पुगेका इच्छुक प्रस्तावकले कार्यालयमा अनुसूची २ बमोजिम निबेदन र कृषि बिकास कार्यक्रमको लागि अनुसूची ३ र पशु बिकास कर्यक्रमको लागि अनुसूची ४ बमोजिमको प्रस्ताब सहित कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

८. प्रस्ताब मूल्यांकन तथा सिफारिस -१ दफा ७ बमोजिम पेश भएका प्रस्तावहरु सम्बन्धित शाखाले कम्पाइल गरि आर्थिक बिकास समितिमा पेश गर्नु पर्ने छ ।

२ उपदफा १ मा पेश भएका प्रस्तावहरु माथि समितिले स्थलगत प्रमारिकरण गरि समितिको बैठकले स्विकृत गरि कार्यक्रम लागु हुनेछ ।

९. सम्झौता प्रक्रिया - १ छनौट भएका अनुदानग्राही लाइ ७ दिनको म्याद दिई सम्झौताको लागि सूचना दिनु पर्ने छ ।

२ उपदफा १ बमोजिम प्रस्ताबकले पेश गरेको क्रियाकलाप र काययोजना कार्यालयले छलफलका आधारमा संशोधन सहित अनुसूची ४० बमोजिम सम्झौता हुनेछ

१० .कार्यक्रम ब्याबस्थापन समिति -१ कार्यक्रम लाइ ब्याबस्थित गर्नका लागि पालिकामा कार्यक्रम ब्यबस्थापन समिति गठन हुनेछ ।

क . आर्थिक बिकास समिति संयोजक संयोजक

ख आर्थिक बिकास समिति सदस्य सदस्य

ग आर्थिक बिकास समिति सदस्य सदस्य

घ सम्बन्धित कृषि तथा पशु पन्छी बिकास शाखा सदस्य

आर्थिक बिकास समितिको सदस्य सचिब सदस्य सचिब

समितिले आबश्यकताको आधारमा अध्यक्ष ,उपाध्याक्ष र प्रमुख प्रशासकीय अधिकृत लाइ आमन्त्रितमा बोलाउन सकिनेछ ।

११. समितिको काम कर्तव्य र अधिकार

क. निबेदकबाट प्राप्त निबेदन हरुको फिल्ड प्रमारीकरण  गर्ने ।

ख . कार्यक्रमको स्वीकृत गरि लागु गर्ने ।

ग . कार्यक्रम अनुगमन मूल्यांकन तथा सुपरिवेक्षण गर्ने ।

झिमरुक गाउँ कार्यपालिकाको बैठकबाट मिति २०८०/०१/११ गते पारित यो कार्यविधि झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण(कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ वमोजिम प्रमाणीकरण गर्दछु।

सुवाश रिजाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणीकरण मितिः- २०८०/०१/२४